## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०४/१७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी **सूर्य प्रसाद सिलवाल** मु.नं (०८१-CR-००३६)<br>फैसला मिति २०८१/०९/०२ | नपाएको ओहदा पाएँ भन्ने र झुट्टा विवरण दिई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• प्रतिवादी सूर्य प्रसाद सिलवालले मिति २०७७।१०।२० गते बिमा प्राधिकरणको अध्यक्षमा राष्ट्रसेवकको रुपमा नियुक्ति पाउन आफ्नो जन्ममिति २०१५।०४।१५ गते हो भन्ने कुराको प्रष्ट थाहा जानकारी आफूलाई हुँदा हुँदै नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतमा आफ्नो जन्म मिति २०१६।०७।२२ हो भनी पछिबाट लिएको नागरिकताको प्रमाणपत्र पेस गरेको, उमेर ढाँटी झुट्टा विवरणको वैयक्तिक विवरण पेस गरी नेपाल बिमा प्राधिकरणको अध्यक्षको ओहदामा बहाल रहन नपाउनेमा हालसम्म पनि बहाल रहिनै रहेको, निज प्रतिवादी सूर्य प्रसाद सिलवालले आफ्नो उमेर ढाँटी मिति २०१८।०७।२४ गतेको जन्ममिति कायम गरी नेपाल सरकार, परराष्ट्र मन्त्रालय अन्तर्गतको राहदानी विभागमा करिव ३ वर्ष उमेर घटाई झुट्टा विवरणका फाराम लगायतका कागजात पेस गरी राष्ट्रसेवकको हैसियतले प्राप्त हुने कुटनीतिक राहदानी र विशेष राहदानी प्राप्त गरी राष्ट्रसेवकको रुपमा उक्त राहदानीहरू प्रयोग प्रचलनमा ल्याई लाभ, सुविधा प्राप्त गरिनै रहेको देखिदा निज प्रतिवादी सूर्य प्रसाद सिलवालको उक्त कार्यहरू भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ र दफा १६ को उपदफा (१) बमोजिमको कसूर हुँदा निज प्रतिवादीलाई सोही ऐनको | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीले प्राप्त गरेको पदको अवधिभन्दा बढी अवधि पदमा बहाल रहेको भन्ने कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १५ को परिधिभित्र पर्ने देखिएन।<br>• प्रतिवादी सूर्य प्रसाद सिलवालको उमेर हदका कारण निज मिति २०८०।०४।१५ बाट बिमा प्राधिकरणको अध्यक्ष पदमा बहाल रहन नसक्ने भनी आरोपदावी लिएकोमा निजलाई अवकास हुने जानकारी नदिएको र सो अवधि पश्चात मिति २०८०।०५।०७ र मिति २०८१।०७।२० मा अर्थ मन्त्रालयबाट प्रतिवादीलाई अध्यक्षको हैसियतले वैदेशिक भ्रमणका निमित्त मनोनयन गरी पत्राचारसमेत गरेको देखिएको।<br>• बिमा समितिको अध्यक्षको पदमा नियुक्त हुनको लागि प्रतिवादीले आफूसँग भएको जन्म मिति २०१६।०७।२२ उल्लेख गरिएको नेपाली नागरिकताको प्रमाणपत्र पेस गरेपनि प्रतिवादीले आफ्नो जन्म मिति २०१५।०४।१५ नै स्वीकार गरेको अवस्थामा प्रतिवादीले बिमा समितिको अध्यक्षमा राष्ट्रसेवकको रुपमा नियुक्ति पाउन उक्त नागरिकताको प्रमाणपत्र पेस गरेको भन्ने आधारमा मात्र र प्रतिवादीको जन्म मिति २०१५।०४।१५ सट्टामा २०१८।०७।२४ उल्लेख हुँदैमा राहदानी प्राप्त हुने/नहुने कुरामा कुनै फरक नपर्ने भएकोले राहदानीको लागि भरेको फाराममा फरक जन्म मिति उल्लेख गरेको कार्यलाई | • नेपाल बीमा प्राधिकरणको अध्यक्षको रुपमा तत्कालिन अवस्थामा कार्यरतका प्रतिवादी सूर्य प्रसाद सिलवालको त्रिभुवन विश्वविद्यालयबाट जारी भएको डिप्लोमा तहको ट्रान्सकिप्टमा जन्म मिति २०१५।०४।१५ उल्लेख भएको देखिन्छ।सोही जन्म मितिको आधारमा मिति २०७३।०४।१५ मा निजको उमेर ५८ वर्ष पुगेको मानेर नेपाल सरकारको निजामती सेवाबाट अनिवार्य अवकाश प्राप्त गरेको देखिन्छ।निज प्रतिवादीलाई मिति २०७७।१०।२० मा बिमा ऐन, २०४९ को दफा ६ तथा अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) बमोजिम बिमा समितिको अध्यक्ष पदमा नियुक्त गरेको देखिन्छ।उक्त मापदण्डको दफा ५ को प्रतिवन्धात्मक वाक्यांशमा पदावधि समाप्त हुनु अगावै नियुक्त वा मनोनयन भएका पदाधिकारी तथा सदस्यको उमेर ६५ वर्ष पूरा भएमा स्वतः अवकाश हुने व्यवस्था भएको पाइन्छ।निज सूर्य प्रसाद सिलवालको पदावधिका सम्बन्धमा बिमा प्राधिकरणमा द्विविधा भई स्पष्ट हुन पत्राचार भएपछि नेपाल सरकारको मिति २०७९।०८।२० को निर्णयबाट "अर्थ मन्त्रालय" सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ मा व्यवस्था भएको उमेरको हद ननाघ्ने गरी अन्य प्रस्तावमा लेखे बमोजिम गर्ने" भन्ने निर्णय अर्थ मन्त्रालयको च.नं.३८८ मिति २०७९।०८।२७ को पत्रसाथ नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय समेत संलग्न गरी आवश्यक कार्यार्थ नेपाल बिमा प्राधिकरणमा पठाएको पत्रबाट देखिन्छ। उक्त पत्रबाट प्रतिवादी सूर्य प्रसाद सिलवालले आफ्नो पदावधीको वारेमा जानकारी प्राप्त भईसके पछी पनि निज नेपाल बीमा प्राधिकरणको अध्यक्ष जस्तो उच्च ओहदा/पदमा वहाल रहेको देखिन्छ।निज प्रतिवादीले बयान गर्दा आफ्नो उमेर र अवकाश हुने मिति थाहा थिएन, नेपाल सरकारले अवकाशको जानकारी वा पत्र पठाएको थाहा भएन भनि लिएको जिकिर आफू कार्यरत रहेको बिमा प्राधिकरणमा नेपाल सरकारको मिति २०७९।०८।२० को निर्णय सहित अर्थ मन्त्रालयको च.नं.३८८ मिति २०७९।०८।२७ को पत्रबाट खण्डित भई रहेको अवस्थामा उक्त प्रमाणको विश्लेषण नगरि अवकाश पाउने उमेर हद कटी सकेपछी पनि बहाल भई नपाएको ओहदा प्रयोग गरि सेवा सुविधा समेत उपभोग गरेका यि प्रतिवादीलाई आरोप दावीबाट सफाई दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण हुदाँ बदर भागी छ।<br>• प्रतिवादी सुर्य प्रशाद सिलवालको जन्म मिति२०१५।०४।१५ को आधारमा विमा प्राधिकरणबाट निज मिति २०८०।०४।१५ मा स्वतः अवकाश हुने देखिन्छ भने अर्थ मन्त्रालयले गठन गरेको सहसचिव रामप्रसाद आचार्य संयोजक रहेको तीन सदस्सीय छानबिन समितिको छानबिन प्रतिवेदनले समेत निज प्रतिवादी सूर्य प्रसाद सिलवालको पदावधि मिति २०८०/०४/१५ गते समाप्त भैसकेको तथ्य थप पुष्टि भएको देखिन्छ। उक्त छानविन समितिले निज प्रतिवादी सुर्य प्रशाद सिलवालले मिति २०८०/०४/१६ देखि हालसम्म नेपाल बिमा प्राधिकरणबाट प्राप्त गरेको तलब भत्ता लगायत सम्पूर्ण सुविधा वापत लिएको रकम निजबाट असुल गर्न नेपाल बिमा प्राधिकरणलाई निर्देशन दिने सुझाव पेश समेत गरेको देखिन्छ। निज प्रतिवादी अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्वन्धी मापदण्ड, २०७३ (संशोधन सहित) बमोजिम स्वतः अवकाश भई सकेपश्चात पनि बिमा प्राधिकरणको अध्यक्षको ओहदा, हैसियतमा रही सो ओहदाको अधिकार र सुविधा प्रयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुँदाहुँदै र प्रतिवादीले मिति २०८०/०४/१५ गते स्वतः अवकाश भई कुनै पनि पदिय हैसियत र सेवा सुविधा प्राप्त गर्न नसक्ने अवस्थामा जानी जानी आफूले प्राप्त गरेको पदको अवधि भन्दा बढी अवधि पदमा बहाल रही नपाएको ओहदा प्रयोग गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ द्धारा परिभाषित कसूर गरेको देखिदा देखिदैने उक्त दफा १५ को गलत व्याख्या गरी प्रतिवादीलाई सफाइ दिने ठहर गरि भएको फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• मिति २०८०/०४/१५ गते देखि प्रतिवादी सूर्य प्रसाद सिलवालको उमेर ६५ वर्ष पूरा भई बिमा प्राधिकरणको अध्यक्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा १५ र दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन, निज प्रतिवादी सूर्य प्रसाद सिलवाललाई सोही ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन। साथै निज प्रतिवादीले मिति २०८०।०४।१५ गते देखि हालसम्म लिएको लाभ सुविधा रकम रु.३६,६२,१५४।१६ सोही ऐनको दफा ४७, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. र कसूरजन्य सम्पत्ति तथा साधन(रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११ बमोजिम जफत/असुल उपर हुन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन समेतको मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादी सूर्य प्रसाद सिलवाललाई आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने भनी विशेष अदालतबाट फैसला भएको अवस्था देखिन्छ। | प्रतिवादीले कुनै लाभ र सुविधा प्राप्त गर्नको लागि झुट्टा विवरण पेस गरेको मानी प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूर गरेको मान्न मिल्ने देखिएन। | पदमा बहाल रहन नसक्ने तथ्य निजको नागरिकता, राहदानी, निजले मिति २०७३।०४।१५ मा ५८ वर्ष उमेर पुगेको मानेर नेपाल सरकारको निजामती सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्दाका अभिलेख कागजातहरु, बिमा ऐन, २०४९ को दफा ६ तथा अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को दफा ५ को प्रतिवन्धात्मक वाक्यांश, अर्थ मन्त्रालयले गठन गरेको सहसचिव रामप्रसाद आचार्य संयोजक रहेको तीन सदसीय छानबिन समितिको छानबिन प्रतिवेदन समेतका प्रमाणबाट पुष्टि भइ रहेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूरमा सजायको मागदावी लिई आरोप पत्र दायर भएको र निज प्रतिवादी विरुद्धको कसूर मिशिल संलग्न उक्त लिखित प्रमाणहरुबाटै पुष्टि भएको भई रहेको अवस्थामा उक्त प्रमाणको विश्लेषण नगरि स्वतः अवकाश हुने ब्यक्तिलाई अर्थ मन्त्रालयले जानकारी दिई रहनु पर्ने कानूनी अवस्था नहुदाँ नहुदै जानकारि नदिएको अर्थ गरि प्रतिवादीलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण भएकोले बदर भागी छ।<br><br>• यसैगरी प्रतिवादी सूर्य प्रसाद सिलवालले गरेको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ बमोजिमको कसुर सम्बन्धमा विवेचना गर्दा, सोही ऐनको दफा १६ को उपदफा (१) ले कुनै व्यक्तिले राष्ट्र सेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले कुनै झुट्टा कुराको विवरण वा सो सम्बन्धी झुट्टा प्रमाणपत्र पेस गर्ने कार्यलाई भ्रष्टाचारजन्य कसूर हुने व्यवस्था गरेको पाइन्छ। निज प्रतिवादी सूर्य प्रसाद सिलवालले बिमा प्राधिकरणको अध्यक्षमा नियुक्ति पाउन आफ्नो जन्म मिति २०१५।०४।१५ भएको जानकारी हुँदाहुँदै जन्म मिति २०१६।०७।२२ उल्लेख गरिएको नागरिकताको प्रमाणपत्र पेस गरेको देखिन्छ। साथै प्रतिवादी सेवामा बहाल रहेकै अवस्थामा निजले कुटनीतिक र विशेष राहदानी प्राप्त गर्न भरेको फाराममा निजको जन्म मिति २०१८।०७।२४ उल्लेख गरेको कुरालाई प्रतिवादीले अनुसन्धान तथा अदालत समक्ष स्वीकार गरी बयान गरेको देखिन्छ। यसरी प्रतिवादीको जन्म मिति २०१५।०४।१५ भएकोमा बिमा प्राधिकरणको अध्यक्षमा नियुक्ति पाउन जन्म मिति २०१६।०७।२२ उल्लेख गरिएको नागरिकताको प्रमाणपत्र पेस गरेको र नेपाल सरकार, परराष्ट्र मन्त्रालय अन्तर्गतको राहदानी विभागमा करिब तीन वर्ष उमेर घटाई निजले आफ्नो जन्म मिति २०१८।०७।२४ उल्लेख गरि झुट्टा विवरणका फाराम लगायतका कागजात पेश गरी राष्ट्रसेवकको हैसियतले प्राप्त हुने कुटनीतिक राहदानी र विशेष राहदानी प्राप्त गरी राष्ट्रसेवकको रुपमा उक्त राहदानीहरु प्रयोग प्रचलनमा ल्याई लाभ, सुविधा प्राप्त गरिने रहेको देखिदा देखिंदै निज प्रतिवादीलाइ आरोप दावी लिईएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को कसूरबाट समेत सफाई दिने ठहर गरि भएको फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• नेपाल सरकारका साक्षी राम प्रसाद आचार्य र विशेष अदालत ऐन,२०५९ को दफा ७ को खण्ड (क) बमोजिम बुझिएका साक्षी केशव कुमार उप्रेती, बालकृष्ण निरौलाले विशेष अदालत समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरीको विषयमा छानविन गरी प्रतिवेदन पेश गर्न आयोगबाट लेखी आए बमोजिम मन्त्रालयबाट गठित म समेतको समितिले प्रतिवेदन दिएको हो सो प्रतिवेदनमा भएको सहिछाप म समेतको हो र व्यहोरा ठिक साँचो हो भनी बकपत्र गरेको देखिन्छ भने त्यसै गरी विशेष अदालत ऐन,२०५९ को दफा ७ को खण्ड (क) बमोजिम बुझिएका साक्षी भूपाल वराल, डा. रामप्रसाद घिमिरे र राजु रमण पौडेलले अदालत समक्ष आफुहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष अनुसन्धानको क्रममा गरेको कागजमा भएको व्यहोरा र सहिछाप मेरो समेत हो भनी बकपत्र गरीदिएको अवस्था समेतबाट प्रतिवादी सूर्य प्रसाद सिलवालले आरोप दावी बमोजिमको भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि हुँदाहुँदै उल्लिखित बकपत्र तथा तथ्य प्रमाणहरुलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहण गर्नुपर्नेमा सो प्रमाणलाई अनदेखा गरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• अतः माथी उल्लिखित तथ्य एवं प्रमाणहरुबाट प्रतिवादी सूर्य प्रसाद सिलवालले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ को दफा १५ र १६(१) बमोजिमको भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भएकोले सोही दफा बमोजिम सजाय गरि निज प्रतिवादी सूर्य प्रसाद सिलवाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन। साथै निज प्रतिवादी सूर्य प्रसाद सिलवालले मिति २०८०।०४।१५ गते देखि हालसम्म माथि तालिका नं.५ मा विश्लेषण गरिए |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बमोजिम लिएको लाभ सुविधा रकम रु.३६,६२,१५४।१६ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. र कसूरजन्य सम्पत्ति तथा साधन(रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११ वमोजिम जफत/असुल उपर गरि पाउन अनुरोध छ। |